# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी, प्रदेश, नेपाल

# शुभ-कामना सन्देश

हिन्दुहरुको महान चाड शुभ दिपावली तथा छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासी तथा देशविदेशमामा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदिवहिनी तथा आमा वुवाहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को विषम परिस्थितिमा पछिल्लो समय नेपालमा पनि उक्त भाइरस समुदायस्तरमा फैलिदै गइरहेको हामी सवैलाइ अवगत नै छ । कोरोना भाइरस भयावह रहेको हुँदा बढ्दो जोखिमलाई मध्यनजर गर्दै जनस्वास्थ्य तथा सुरक्षाको मापदण्डमा रही पर्व मनाउनुहुन र तिहारको समयमा देउसी, भैलोखेल्ने, हुलहुज्जत बनाएर हिँडने, क्लवहरुको वार्षिक उत्सव मनाउने जस्ता कुनै पनि कार्य नगर्न, नगराउनुहुन सवैमा अनुरोध गर्दछौँ ।

मिति २०७७ साल असोज २८ गते बुधबारका दिन जिल्ला प्रशासन कार्यालय रोल्पाका प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा वसेको जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) वैठकले कोभिड-१९ को संक्रमणको असहज परिस्थितिलाई मध्यनजर गर्दै थप संक्रमण फैलन नदिन यसको न्यूनीकरण तथा रोकथामको लागि नजिकै आइरहेको नेपालीहरुको महान चाड विजया दशमी, तिहार तथा छट पर्वका अवसरमा विभिन्न शक्तिपीठ, मन्दिर तथा नवरात्री लगायत दुर्गा मन्दिरहरुमा नियमित पुजापाठ बाहेक समुहमा गरिने भजन, किर्तन, भोज, धार्मिक मेला, -याली, देउसी भैलो लगायतका भिडभाडजन्य गतीविधिहरु सञ्चालन नगर्ने र चाड पर्वहरु आफ्नै घर परिवारमा मात्रै मनाउनका लागि रोल्पाका नागरिकहरुलाई सम्बन्धित स्थानीय तहहरु मार्फत जानकारी गराउने निर्णय समेत भएको व्यहोरा गाउँपालिकावासीँहरुलाई जानकारीका लागि अनुरोध छ ।

कसैले यस आदेशको उल्लघंन गरेमा संक्रामण रोग ऐन, २०७७ तथा प्रतचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा सर्वसाधारण सवैमा जानकारीका लागि अनुरोध छ ।

२७ कार्तीक २०७७

| | | |
|---|---|---|
| (केशवराज पार्धे) | (बागमती क्षेत्रीनी) | (गुणेन्द्र घर्ती) |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |